का.जि.प्र.का.द.नं. १००/०५९/६०
❒ वर्ष १८, अंक १०१
❒ १८ जेठ २०७७, आइतबार
❒ 31 May 2020, Sunday
www.madhyanhadaily.com
पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

**अपडेट: शनिबार साँझसम्म**

| | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | १४०१जना | २१९ जना | ६६७२९ | ११७६ | ७ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ६० लाख ६४ हजार | २६ लाख ८५ हजार | ३ लाख ६८ हजार | ३० लाख ११ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम




# एमसीसीको तरङ्ग

## ■ खुसुक्क बजेटमा छिरेपछि आकस्मिक सचिवालय

संघीय संसदले निर्णय नलिए सम्म अमेरिकन परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) अन्तर्गतका कुनै पनि गतिविधि नगर्ने सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले निर्णय गरेको छ ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ जेठ ।

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) नेतृत्व अमेरिकन परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) बारे अझै निर्णयमा पुग्न सकेको छैन । तर, अर्थमन्त्री युवराज खतिवडाले संघीय संसदमा जेठ १५ गते प्रस्तुत गरेको आगामी आर्थिक वर्षको बजेटमा एमसीसी छिरेपछि हलचल भने ल्याएको छ। अर्थमन्त्री खतिवडाले बजेट भाषणमा नराखे पनि अनुसूचीमा भने एमसीसी छिराएका थिए ।

अनुसूचीमा एमसीसी छिरेको थाहा पाएपछि कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल, बरिष्ठ नेता झलनाथ खनाल, बरिष्ठ नेता माधवकुमार नेपाल, उपाध्यक्ष वामदेव गौतम लगायत नेताहरुले आकस्मिक सचिवालय बैठकको माग गरेका थिए । नेताहरुको मागअनुसार, शनिबार बिहान नेकपा सचिवालयको बैठक बसेको छ ।

शुक्रबार नै सचिवालय बैठक बोलाउनुपर्ने अडान सहित प्रचण्ड बालुवाटार पुगेका थिए । शुक्रबार साँझ बालुवाटार पुगेर प्रधानमन्त्री ओलीसँग छलफल गरी शनिबार बिहान सचिवालय बैठक बोलाइएको थियो । बैठकले एमसीसी अन्तर्गतका कुनै पनि गतिविधि तत्काल अगाडि नबढाउने निर्णय गरेको छ ।

बजेटमा पेश भएको एमसीसीबारे पनि अर्थमन्त्री खतिवडालाई सच्याउन निर्देशन दिएका छन् । प्रचार विभाग उपप्रमुख एवम् प्रधानमन्त्रीका प्रेस सल्लाहकार सूर्य थापाका अनुसार, प्रधानमन्त्री ओलीले नीति तथा कार्यक्रममा उठेको जवाफ दिने क्रममा प्रयुक्त भाषा नै बजेटमा उल्लेख गर्ने सहमति भएको छ । प्रधानमन्त्री ओलीले एमसीसीबारे संसदले नै निर्णय लिनुपर्ने बताएका थिए । त्यही भाषा बजेटमा पनि उल्लेख गरिने भएको छ ।


प्रधानमन्त्री निवास बालुवाटारमा शनिबार बसेको सचिवालयको बैठकमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली, अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', वरिष्ठ नेताद्वय माधवकुमार नेपाल र झलनाथ खनाल, उपप्रधानमन्त्री ईश्वर पोखरेल, गृहमन्त्री रामबहादुर थापा, प्रवक्ता नारायकाजी श्रेष्ठ लगायत ।तस्वीर : चन्द्रकला क्षेत्री

बजेट भाषणमा नपरे पनि अनुसूची दशमा एमसीसीलाई अमेरिकन अर्को परियोजना यूएस एडसँगै राखिएको थियो । एमसीसीबाट यो वर्ष पाँच अर्ब ७४ करोड ७४ लाख बजेट आउने अनुमान राखिएको छ । तर, जबकी यसबारे संसदले कुनै निर्णय गरेको छैन । प्रधानमन्त्री ओली इतरका नेताहरुले एमसीसी अनुमोदन हुनेगरी बजेटमा छिराइएको विषयमा आपत्ति जनाएका थिए। "विवादित एमसीसी पारित गर्ने वा नगर्ने भन्ने निर्णय हुनै बाँकी रहेको परियोजनाबाट अनुदान आउँछ भन्दै अनुसूचीमा राख्नु बदमासी हो", एक नेताले भने। तर, अब भने एमसीसी पारित भए अनुदान आउने भन्ने उल्लेख गरिने भएको छ ।

एमसीसी लगातार एक वर्ष देखि नेकपा नेतृत्वलाई टाउको दुखाइको विषय बन्दै आएको छ । प्रधानमन्त्री ओलीले अघिल्लो सरकारको निर्णय अपनत्व लिनुपर्ने कारणले यस्तो समस्या आएको बताउँदै आएका छन् । तर, प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले भने एमसीसी आफ्नो सरकारले सम्झौता गरेकाले पारित गर्नुपर्ने अडान राख्दै आएको छ ।

# सात पुग्यो मृतक संख्या

## एकै दिन थपिए १९० संक्रमित

शनिबारसम्म नेपालमा कोरोना संक्रमितको संख्या १४०१ पुगेको छ। गएको २४ घण्टामा मात्रै नेपालमा १८९ संक्रमित थपिएका छन्।

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ जेठ ।

दैलेखको दुल्लु नगरपालिका-७ किर्तीखम्बको क्वारेन्टिनमा शनिबार विहान मृत्यु भएका युवकको रिपोर्ट पोजिटिभ आएको छ । कर्णाली स्वास्थ्य प्रतिष्ठान जुम्लामा परीक्षण गरिएको थियो। भारतको गुजरातबाट घर फर्किएका ती युवकको शनिबार विहान मृत्यु भएको थियो । विहानको खाजा खाएर सुतेका केही समयमा उनी मृत भेटिएको भेटिएका थिए ।

शुक्रबार मात्रै पीसीआर परीक्षणका लागि उनको स्वाब संकलन गरी परीक्षणमा पठाइएको थियो। दुल्लु नगरपालिका-११ कालभैरवका ३५ वर्षीय मृतक युवकमा कुनै लक्षण देखिएको थिएन। योसँगै, नेपालमा संक्रमणबाट मृत्यु हुनेको संख्या सात पुगेको छ ।

नेपालमा कोभिड-१९ का संक्रमित संख्या १४०१ पुगेको छ । शनिबार दिउँसो सवा चार बजे नियमित पत्रकार सम्मेलन गर्दै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले २४ घण्टामा १८९ संक्रमित बाँकी पृष्ठ २ मा


पोखरा महानगरपालिका-९ मा राहत लिन आएका सुत्केरी, गर्भवती, एकल र असहाय महिला । बन्दाबन्दीले समस्यामा परेकालाई माहिला कान्छा अभियानका माया र पार्वती गुरूङले ४२ जनालाई राहत वितरण गरिन् । *तस्वीर : जमुना वर्षा शर्मा*

### ■ क्वारेन्टिनमै सुत्केरी

बाजुराको बुढीगंगा नगरपालिका-१ को धुरालसैनमा वडा कार्यालयले बनाएको क्वारेन्टिनमा एक महिलाले गए राति बच्चा जन्माएकी छन् । सोही नगरपालिका-१ मल्लाकुँडीकी विनोद चदाराकी श्रीमती तुलसी चदाराले शुक्रबार राति १० बजेतिर बच्चा जन्माएकी हुन् ।

वडा सदस्य ललित थापाका अनुसार कामको सिलसिलामा भारतमा गएका दम्पती लकडाउनको समयमा घर बाँकी पृष्ठ २ मा

# कामदार फिर्ता पठाउन कम्पनीहरूको जवर्जस्ती

**वैदेशिक रोजगार विशेष**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ जेठ

कोरोना भाइरस संक्रमण लम्बिँदै जाँदा वैदेशिक रोजगारीका लागि खाडीका विभिन्न मुलुकमा रहेका नेपाली कामदारहरुले एकैसाथ विभिन्न समस्या झेल्न बाध्य भएका छन्। कतारका लागि नेपाली राजदूत नारद भारद्वाजका अनुसार कतारमा नेपाली कामदार हरुका लागि खाद्यान्न, औषधि र सुरक्षित आवासको समस्या देखिएको छ भने घर फर्किन नपाउँदा नेपाली कामदारको मानसिक स्वास्थ्यमा समेत गम्भीर असर पर्न थालेको बताइएको छ।

शुक्रवार साँझ गैरआवासीय नेपाली संघ स्वास्थ्य समितिले गरेको भिडियो कन्फरेन्समा राजदूत भारद्वाजले शुरुमा कामदार हरुलाई कम्पनीबाट ननिकाल्ने र तलव पनि नरोक्ने आश्वासन दिएका कम्पनीहरुले कोरोना भाइरस संक्रमण बढ्दै जाँदा तलव नै नदिने, दिएपनि आधा दिने, केही पनि नदिने र जे गर्न सक्छौ गर, जहाँ जान सक्छौ जाऊ जस्ता भन्ने जवाफ दिन थालको भन्दै रोजगारदाता कम्पनीहरुले देखाउन थालेको गैर जिम्मेवार व्यवहारले नेपाली कामदारहरु शुरुमा खाद्यान्न र आवासको समस्यामा पर्नसक्ने र यो क्रम नरोकिएमा समस्याले नयाँ आयाम लिने बताए। उनले गैर आवासीय नेपाली संघ कतारसँग मिलेर केही प्रभावितहरुलाई राहतको प्रबन्ध गरिएको भएपनि त्यसले लामो समय नथेग्ने बताए ।

कोरोना भाइरसको बढ्दो संक्रमणको कारण अन्य विरामीहरुले औषधि नपाउँदा उनीहरु हृदयघात, मधुमेह, थाईराईडको शिकार हुन थालेको भन्दै टेलिमेडिसिन र रिमोट प्रेसक्रिप्सनको आधारमा औषधि सेवन गर्न पाउने प्रबन्ध गर्न आवश्यक रहेको राजदूत भारद्वाजको भनाइ छ।

त्यसैगरी उनले कतार सरकारले शुरुमा स्वदेश फर्किने



कामदाहरुको स्वाब परीक्षण गरिदिने प्रतिवद्धता जनाएको भएपनि पछिल्ला दिनमा स्वदेश फर्किने कामदारहरुको स्वाब परीक्षण विना नै घर फर्काइदिने नीति लिएका कारण अन्तर्राष्ट्रिय उडान खुला भएपछि नेपालीहरु स्वाब परीक्षण विना नै स्वदेश फर्किने अवस्था रहको बताए ।

गैरआवासीय नेपाली संघका प्रवक्ता डि.बि क्षेत्रीले नेपालमा संक्रमणको दर निरन्तर रुपमा बढीरहेको र नेपाल सरकारले अन्त्यन्तै थोरै नागरिकहरुलाई मात्र स्वदेश फर्काउने योजना बनाएको भन्दै अब खाडी मुलुकमा रहेका कामदारहरुको आत्मबल बढाउने अभियान नै चलाउनुपर्ने बाध्यता आएको बताए । प्रवक्ता क्षेत्रीले अधिकांश कामदारहरुले एण्ड्रोइड मोबाइल फोन चलाउने र उनीहरुसँग फेसबुकको पहुँच भएकाले त्यसको प्रयोग गरेर स्वास्थ्यकर्मीहरुले मनोवल उकास्ने कार्यक्रम चलाउन आवश्यक भएको बताए। कामदारहरुमा घर फर्किएर मात्र सुरक्षित होइन्छ भन्ने मानसिकता रहेको र त्यसलाई परिवर्तन गर्न आवश्यक रहेको भन्दै प्रवक्ता क्षेत्रीले भिसा र करारअवधि सकिएकालाई मात्र घर फर्कने वातावरण बनाउन जरुरी रहेको बताए ।

विश्वभर संक्रमण एकसाथ फैलिएकोले अन्य पक्षको मुख ताकेर पर्खिनु भन्दा खाडीका देशमा समितिहरु बनाएर खाद्यान्न र औषधि लगायतको प्रबन्धमा ध्यान दिनुपर्ने प्रवक्ता क्षेत्रीको भनाइ छ। गैरआवासीय नेपाली संघ कुवेतका अध्यक्ष सुजन केसीले नेपाल सरकारले जो जहाँ छ, त्यहीँ बस भनेर मात्र नपुग्ने भन्दै मानसिक तनाव झेल्न नसकेर कामदारहरु आत्महत्यातर्फ प्रवृत भएको भन्दै पछिल्ला दिनमा आममाफीमा सहभागी भएका सबै भन्दाबढी पीडामा रहेको बताए ।

करिब २६ सय नेपाली आममाफीमा सहभागी रहेकामध्ये एक दर्जनबढी महिलाहरुसँग बालबच्चा पनि रहेकाले नेपालमा सोचेभन्दा जटिल अवस्था रहेको बताए। घर फर्किने टिकट लिएकाहरु बढी समस्यामा रहेको भन्दै उनले शुरुमा नेपालीका संघसस्थाहरुले संक्रमितहरुप्रति उदार भावना राखी सहयोग गरेपनि पछिल्ला दिनमा आफ्नो सुरक्षा पहिले भन्दै पछि हट्ने गरेको र विरामी बोक्ने एम्बुलेन्सहरु समेत पटक-पटक अनुरोध गर्दासमेत नआउने अवस्था सिर्जना भएको बताए।

त्यस्तै ओमानका लागि नेपाली राजदूत शर्मिला पराजुली ढकालले विदेशमा अलपत्र नेपाली कामदार स्वदेश फर्काउन शुरु बाँकी पृष्ठ २ मा

# संशोधनको पक्षमा काँग्रेस

## संविधान संशोधन हुने निश्चित

प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले संविधान संशोधनको पक्षमा मतदान गर्ने निर्णय गरेको छ। शनिबार बसेको केन्द्रीय कार्य समितिको बैठकले संविधान संशोधनको पक्षमा मतदान गर्न आफ्ना सांसदहरूलाई निर्देशन दिएको छ।

**मध्यान्ह संवादाता**
काठमाडौं, १७ जेठ ।

सरकारले संविधान संशोधन प्रस्ताव संघीय संसद सचिवालयमा दर्ता गराएको छ । गएको जेठ १० गते नै कानून, न्याय तथा संसदीय मामिला मन्त्री शिवमाया तुम्बाहाङ्फेले संशोधन प्रस्तव दर्ता गरेकी हुन्। तर, विपक्षी दल नेपाली काँग्रेसको आग्रहमा उक्त संशोधन प्रस्ताव अगाडि बढ्न सकेको थिएन ।

तर, केन्द्रीय मुख्यालय सानेपामा शनिबार दिउँसो बसेको केन्द्रीय कार्य समितिको बैठकले संविधान संशोधनको पक्षमा मतदान गर्ने निर्णय गरेको छ । काँग्रेसले आफ्ना संसदीय दललाई संविधान संशोधनको पक्षमा मतदान गर्न निर्देशन दिएको छ। संसदीय दलको बैठक शुक्रबार नयाँ बानेश्वरमा बसेको थियो ।

कांग्रेसकै आग्रहमा १० जेठमा दर्ता भएको संविधान संशोधन विधेयक स्थगित गरिएको छ। १४ जेठमा प्रतिनिधिसभामा पेश गर्ने कार्यसूची तय भएपनि कांग्रेसकै आग्रहमा संविधान संशोधन विधेयक अगाडि बढ्न सकेको थिएन । शनिबार केन्द्रीय कार्य समितिको बैठक बोलाएका सभापति शेरबहादुर देउवाले प्रधानमन्त्री केपी शर्मा ओलीसँग समय मागेका थिए । १३ जेठमा बसेको

> **सरकारको उक्त निर्णयअनुसार, संविधानको अनुसूची-३ मा रहेको निशाना छाप परिवर्तन गर्न संविधान संशोधन विधेयक- २०७७ संसद सचिवालयमा दर्ता भएको छ ।**

सर्वदलीय बैठकमा प्रधानमन्त्री ओलीले संविधान संशोधनको पक्षमा उभिन दलहरुलाई आग्रह गरेका छन्। सरकारले लिम्पियाधुरा सहित समेटेर नेपालको नयाँ नक्सा जारी गरेको छ ।

सरकारको उक्त निर्णयअनुसार, संविधानको अनुसूची-३ मा रहेको निशाना छाप परिवर्तन गर्न संविधान संशोधन विधेयक- २०७७ संसद सचिवालयमा दर्ता भएको छ। कांग्रेससँग प्रतिनिधिसभामा ६३ सांसद छन्। संविधान संशोधन गर्न दुई तिहाइ आवश्यक पर्ने भएपनि २७५ संसदीय प्रतिनिधिसभामा सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) सँग १७४ सांसद मात्रै छन् ।

काँग्रेसको निर्णयसँगै अब संविधान संशोधन प्रस्ताव पारित हुने निश्चित भएको छ । भारतले लिपुलेक अतिक्रमण गरी चीनको मान सरोवर जोड्न सडक उद्‍घाटन गरेपछि सरकारले नेपालको नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा जारी गरेको थियो ।

तर, तेस्रो दल जनता समाजवादी पार्टी (जसपा) ले भने संशोधनबारे अझै निर्णय गरेको छैन । जसपाले आफूले उठाउँदै आएको माग पनि एकै पटक संशोधन गरिनुपर्ने बताउँदै आएको छ । जसपाले संशोधन प्रस्ताव समेत अगाडि बढाएको छ। तर, शुक्रबार संसद सचिवालयले सभामुखसँग परामर्श गर्नुपर्ने भन्दै संशोधन प्रस्ताव दर्ता गराएको छैन । जसपासँग ३७ सांसद छन् ।

## कोरोना महामारीको समयमा मिडिया विश्वसनीयतासम्बन्धी

# मिडिया सर्वेक्षण प्रतिवेदनमा के छ ?

**काठमाडौं/मस-** कोरोना महामारीको समयमा मिडियाको विश्वसनीयतासम्बन्धी अध्ययन र सर्वेक्षण प्रतिवेदन हस्तान्तरण गरिएको छ । नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यले शुक्रबार एक कार्यक्रमबीच प्रेस काउन्सिल नेपालका कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठलाई प्रतिवेदन हस्तान्तरण गरेका हुन् ।

लकडाउन अवधिमा सामाजिक सञ्जालसहित सबैखाले सञ्चारमाध्यमबाट के-कस्ता सामग्रीहरु सम्प्रेषित भए ? सम्प्रेषित सामग्रीको प्रभाव र विश्वसनियता कस्तो रह्यो ? समग्र मिडियाको भूमिका कस्तो रह्यो ? पत्रकार आचारसंहिता पालना र सञ्चारमाध्यमको विश्वसनीयता बढाउन के गर्नुपर्छ ? स्वास्थ्य संकटको अवस्थामा मिडियाले खेलेको भूमिका, जिम्मेवारी र मिडियाप्रतिको विश्वसनीयताका विषयमा केन्द्रित भई ११ वटा वस्तुगत प्रश्नसहित पूर्णतः बस्तुगत विधिबाट सर्भेक्षण गरिएको थियो । मिडियाकर्मी, कर्मचारी, प्राध्यापक, शिक्षक, कृषक, मजदुर, सुरक्षाकर्मी, व्यापारी, चिकित्सक, बैंकर्स, राजनीतिकर्मी र विद्याथीहरुलगायत ११ वटा पेशागत क्षेत्र, ७ वटै प्रदेश, उपत्यका गरी ८ भौगोलिक क्षेत्रभित्र रहेका सबै जिल्लाको समानुपातिक प्रतिनिधित्व हुने गरी १७६ उत्तरदाताहरु सर्भेक्षणमा सहभागिता रहेको छ ।

महामारीमा सञ्चारमाध्यमको प्रयोगको अवस्थाबारे पहिचान गर्ने, आमउपभोक्ताको धारणा बुझ्ने, सञ्चारमाध्यम र पत्रकारका कमिकमजोरी पत्ता लगाई सुधारका उपायहरुवारे सुझाव दिने, अनुसन्धानबाट प्राप्त नतिजाका आधारमा काउन्सिलको आगामी नीति तथा कार्ययोजना निर्माण गर्ने उद्देश्यले अध्ययन गरिएको काउन्सिलले जनाएको छ ।

प्रतिवेदनमा छनौट गरिएका १७६ उत्तरदाताहरूमध्ये सबैभन्दा बढी ३१.८०५ अर्थात ५६ जना उत्तरदाताहरूले अनलाइन मिडियालाई आफ्नो दैनिक सूचना प्राप्तिको निम्ति पहिलो प्राथमिकतामा राखेको देखिन्छ। सोहीअनुरुप दोस्रो र तेस्रोमा क्रमश २४.४०५ (४३ जना) सहभागीहरूले सामाजिक सञ्जाल र २२.७०५ (४० जना) सहभागीहरूले रेडियोलाई दैनिक सूचनाको निम्ति पहिलो प्राथमिकतामा राखेको पाइयो । यसैगरी १८.८०५ सहभागीहरूले टेलिभिजनलाई सूचनाप्राप्तिका लागि पहिलो प्राथमिकता राखेका छन् । अहिलेको लक डाउनको अवस्थामा मात्र २.३० प्रतिशत सर्वेक्षणमा सहभागीहरूले पत्रपत्रिकालाई आफ्नो दैनिक सूचना प्राप्तिको पहिलो प्राथमिकता मानेका छन् ।

सबैभन्दा विश्वासिलो मिडिया कून हो भनेर प्रश्न गर्दा ५०५ सहभागीले सबैभन्दा विश्वासिलो मिडियाका रूपमा टेलिभिजनलाई लिने गरेको, त्यसैगरी दोस्रो र तेस्रोमा क्रमशः पत्रपत्रिका पढ्ने १८.२५ र रेडियो सुन्ने १७.६५ रहेको देखिन्छ। सहभागीहरूको सामाजिक सञ्जालप्रतिको विश्वास र प्राथमिकता रोजाई ज्यादै न्यून १.१५ मात्र रहेको देखियो । सामाजिक संजालबाट विश्वसनिय सूचना प्रस्तुत हुन नसकेको र यी माध्यमहरूको लोकप्रियता क्रमशः घट्दै गएको तथ्य नतिजाले देखायो । त्यसैगरी अनलाइन सञ्चारमाध्यमप्रतिको विश्वास पनि १३स१०५ मात्र रहेको देखिन्छ ।



पत्रकार आचारसंहिता पालनाको वर्तमान स्थितितर्फ हेर्दा सर्भेक्षणमा सहभागी अत्याधिक करिव ६२.५५ उत्तरदाताहरूको धारणामा मिडियाले पालना गर्नुपर्ने पत्रकार आचारसंहिता सामान्य पालना भइरहेको, करिब १४.८५ उत्तरदाताहरूको विचारमा आचारसंहिताको पूर्ण पालना भएको र १३.६५ उत्तरदाताहरूले न्यूनरूपमा पालना भइरहेको बताएका छन्। पत्रकारहरूको पेसागत आचरण र मर्यादा कायम राख्न आचारसंहिताको पूर्ण पालना हुनुपर्दछ । तर सहभागिहरूमध्ये बहुसख्यकले आचारसंहिता पालनाप्रति दिएको जवाफले प्रेस काउन्सिलले आगामी दिनमा पत्रकार आचारसंहिताकारे पत्रकारहरूबीचमा व्यापक प्रचार-प्रसार र छलफल कार्यक्रम राख्नुकासाथै अनुगमनमा थप जोड दिनुपर्ने देखिन्छ ।

आचारसंहिता उल्लङ्घनको तथ्याङ्कलाई हेर्दा करिब ९०.९५ सहभागीहरूको बुझाइमा सबैभन्दा बढी पत्रकार आचारसंहिता उल्लङ्घन गर्ने सञ्चारमाध्यम अनलाइन मिडिया रहेको देखिएको छ । सर्भेक्षणमा समावेश गरिएका सञ्चारमाध्यममध्ये दोस्रो उल्लङ्घन गर्ने पत्रपत्रिका (४ प्रतिशत) र तेस्रो उल्लंघन गर्नेमा टेलिभिजन (३.४०५ ) रहेको सर्भेक्षणबाट देखिएको छ ।

सामाजिक सञ्जालप्रतिको लोकप्रियता र विश्वसनियता तथ्यांकअनुसार सर्भेक्षणमा सहभागीहरूको विचार सामाजिक सञ्जालप्रतिको तथ्याङ्कलाई मात्रै आंकलन गर्दा लगभग ८०.७५ सर्वेक्षणमा सहभागीहरूले फेसबुकलाई पहिलो प्राथमिकता दिएको पाइन्छ भने दोस्रोमा युट्युबलाई र तेस्रोमा ट्वीटरलाई प्राथमिकतामा राखेको देखिन्छ ।

त्यस्तै कस्तो पत्रकारलाई वास्तविक पत्रकारको रूपमा बुझ्नुहुन्छ ? भनी मिडिया उपभोक्तालाई सोध्दा उपलब्ध उत्तरका सन्दर्भमा सहभागी अधिकांश (करिब ७२.७५) उत्तरदाताहरूले निरन्तर पत्रकारिता पेसामा संलग्न रहेका, पत्रकारिता पेसामा लामो अनुभव संगालेका, यस पेसाप्रति समर्पित भएका, निष्ठावान कर्मठ, जवाफदेही, तथ्यमा आधारित विषयमा कलम चलाउने व्यक्तिहरूलाई सही (यथार्थ) पत्रकारको संज्ञा दिन मिल्ने विचार व्यक्त गरेको पाइयो ।

त्यसैगरी १९.३५५ सहभागीहरूले पत्रकारिता विषय पढेका व्यक्तिहरूलाई पत्रकार मान्न सकिने भनेका छन् । तर अधिकांश सहभागीहरूले वुम र क्यामेरा बोकेर सामाजिक सञ्जालमार्फत लाइभ प्रशारण गर्दै हिड्ने, विना लाइसेन्स रेडियो र टी.भी.मा कार्यक्रम प्रस्तुत गर्दै हिड्ने व्यक्तिहरूलाई यथार्थ पत्रकार भन्न नमिल्ने विचार व्यक्त गरेका छन् ।

यस सर्भेक्षणमा मिडियाप्रतिको विश्वास बढाउनका निम्ति मागिएका सुझावअन्तर्गत प्राप्त तथ्याङ्क हेर्दा करिब ३९.२५ सहभागीहरूले जनमानसमा मिडियाप्रतिको विश्वास बढाउन पत्रकार आचारसंहिताको अनुगमनलाई अझ तिब्र बनाउदै लैजानुपर्ने, यसोगर्दा पत्रकारहरू अनुशासित हुने, सत्य/तथ्य/भरपर्दो समाचार सम्प्रेषणमा सजग हुने विचार व्यक्त गरेको देखिन्छ । २१.१५ सहभागीहरूले मिडियाकर्मीहरूलाई समयानुकुल पत्रकारिता विषयक तालिम प्रदान गरिनुपर्ने जसले तथ्यपूर्ण समाचारको महत्व बुझेर उनीहरूको कार्यक्षमतामा पनि सकारात्मक वृद्धि भै विश्वासिलो समाचार प्रस्तुत हुने वातावरण बन्दै जाने विचार व्यक्त भएको देखिन्छ । त्यसैगरी १९.३५ सहभागीहरूले पत्रकारहरूको पेसा प्रतिको जवाफदेही, इमान्दारिता र पेसाप्रतिको व्यवसायिकतामा ध्यान पुऱ्याउन सके जनमानसको मिडियाप्रतिको विश्वास बढ्दै जाने विचार राखेको देखिन्छ भने १४.२५ सहभागीहरूले विद्यमान कानुनमा संशोधन गरी आचारसंहिता उल्लङ्घन गर्नेहरूलाई सजायको व्यवस्था गर्न सके भ्रमपूर्ण समाचार सामग्रीहरूको प्रचार-प्रसारमा कमी आई जनमानसमा मिडियाप्रति विश्वास वढ्दै जाने विचार व्यक्त गरेको देखिन्छ ।

सामाजिक सञ्जालप्रतिको जनमानसको क्षणिक मोह भएतापनि यसबाट सम्प्रेषण हुने सामग्री कहींकतै जिम्मेवारी लिनुपर्ने अवस्थामा अफवाहपूर्ण सामग्री सर्म्प्रेषण रोक्न यसलाई नियमन गर्नका लागि राज्यबाट कुनै निकायलाई जिम्मा दिने वा कानुनी व्यवस्था हुनुपर्ने टड्कारो आवश्यकता देखिएको प्रकिवेगदनमा सुझाव दिइएको छ ।

त्यसैगरी पत्रकारिता पेसामा लामो समयसम्म संलग्न रहेका पत्रकारहरू नै बढीमात्रा अनुशासित, इमान्दार र मर्यादित हुने हुँदा ती पत्रकार वास्तविक पत्रकार हुन्छन् भन्ने सर्भेक्षणबाट देखिएको हुँदा पत्रकारिता पेसालाई अझ मर्यादित बनाउन प्रेस काउन्सिलको पहलकदमी हुनु आवश्यक रहेको , आचारसंहितासम्बन्धी जागरण अभियान नै सञ्चालन गरेर खासगरी न्युमिडियालाई अझ बढी आवश्यक रहेको देखिन्छ । विश्वसनीयता बढाउनका लागि तथ्यपरकता, आधिकारिक पुष्टिपश्चात् सामग्री सम्प्रेषण गर्नुका साथै व्यावसायिकताको विकासमा ध्यान दिनुपर्ने र सञ्चारमाध्यममा प्रकाशित गम्भीर प्रकृतिका सामग्रीका विषयमा कारबाहीका निमित्त काउन्सिलमा प्रेस इजलास गठन गरी उजुरीको सुनुवाइ तथा फैसला हुने, पत्रकारको क्षमता अभिवृद्धिको लागि तालिमको व्यवस्था गर्ने र सञ्चारमाध्यमको व्यावसायिकतामाथि जोड दिनुपर्ने पनि प्रकिवेदनमा सुझाव दिइएको छ ।

यस्तै कतिपय मिडियाबाट सम्प्रेषण हुने भ्रमपूर्ण, तथ्यहीन, अफवाहपूर्ण सूचनाको प्रचारप्रसारका कारण त्रास र भयको स्थिति सिर्जना हुने, तथ्यपुष्टि बेगरको सूचना प्रवाहमा हतारो, छिटो बाजी मार्ने बहानामा गलत सूचना प्रवाह हुँदा समुदायले ठूलो क्षति व्यहोनुपर्ने भएकोले सञ्चारमाध्यमले तथ्यपरक, प्रमाणमा आधारित समाचारमात्र सम्प्रेषण गर्नुपर्दछ र अफवाह फैलाउने र फैलन दिने काम गर्न नहुने , कोरोना सङ्क्रमित एवं मृत्यु भएका व्यक्तिको पहिचान खुल्ने गरी तस्वीर एवं वैयक्तिक विवरण प्रस्तुत हुँदा वैयक्तिक गोपनीयताको प्रतिकूल हुने, मानवीय समवेदना खल्बलिने र प्रभावित व्यक्तिलाई थप पीडा पुग्नेतर्फ सावधानी अपनाउनेतर्फ सजग रहनु पर्ने र अहिलेको समयमा मिडिया उपभोक्ताले छापामाध्यमप्रति देखाएको विश्वासले छापा पत्रकारिताको अस्तित्व सङ्कटमा छैन भन्न सकिने पनि सुझावमा उल्लेख छ ।

सहभागिहरूमध्ये बहुसख्यकले आचारसंहिता पालनाप्रति दिएको जवाफले काउन्सिलले आगामी दिनमा पत्रकार आचारसंहितावारे व्यापक प्रचारप्रसार र छलफल राख्नुका साथै अनुगमनलाई थप प्रभावकारी बनाउनुपर्ने , सामाजिक सञ्जाल र पत्रकारिताको परिभाषा अलग भएपनि पत्रकारितालाई सञ्जालजस्तै बुझ्ने गरेको हुँदा यसबारे आम मिडिया उपभोक्ताहरूलाई स्पष्ट पार्नुपर्ने, सञ्जाललाई नियमन गर्नुपर्ने, तथ्य जाँच गर्ने र प्रेस काउन्सिलले आगामी कार्ययोजना तय गर्दा यस सर्भेक्षणबाट प्राप्त सुझावलाई अबलम्बन गर्नुपरने पनि प्रतिवेदनमा उल्लेख छ ।

अनुसन्धानमा काउन्सिलका सदस्य चेतनाथ धमला, काउन्सिलका उपप्रशासकीय अधिकृत रामशरण बोहरालगायतको टिम सहभागी थिए ।

# रुकुम घटनाबारे संसदीय छानविन समितिको माग

**सहवान अन्सारी/मध्यान्ह**
नवलपरासी, १७ जेठ

रुकुमको चौरजहरीमा दलित युवासहित पाँच जनाको मृत्यु भएको घटनाको सत्य तथ्य छानविन गर्नका लागी संसदिय समिति गठन गर्न विभिन्न संघसंस्थाहरुले जोडदार माग गरेका छन। शनिबार मानव अधिकार तथा शान्ति समाज नवलवरासीले बर्दघाट नगरपालिका ४ बर्दघाट चोकमा आयोजना गरेको कार्यक्रममा बोल्ने सम्पूर्ण वक्ताहरुले घटनामा अनावस्यक राजनीति गर्न नहुने बताएका हुन् ।

कार्यक्रमका प्रमुख वक्ता मानव अधिकार तथा शान्ति समाजका केन्द्रिय बरीष्ठ उपसभापति गोविन्द खनालले घटनाको सत्य तथ्य अन्वेषण गर्न संसदीय समिति गठन गर्नुपर्ने बताए । उनले भने, 'रुकुमको घटना मानव सभ्यताकै विरुद्धको घटना भएकोले हामी कंलकित भएका छौं । हाम्रो शिर निहुरिएको छ । सरकारले यस घटनालाई गम्भिर रुपमा लिदै दोषीलाई कारवाही र पीडितलाई न्याय नहुदासम्म आन्दोलन जारी रहनेछ ।'



कार्यक्रममा संविधान सभा सदस्य बिक्रम खनालले सरकारले अहीले गठन गरेको समितिमा आम जनताले सामाजिक न्याय पाउने अपेक्ष गर्न नसक्ने बताउदै यो घटनामा सरकार गम्भिर नभएको बताए। रुकुमको घटनामा सरकार गम्भिर भएको नपाइएको भन्दै उनले सरकार गम्भिर भएर छानविन गरी दोषीलाई कानुनी दायरामा ल्याउनु पर्ने बताए ।

कार्यक्रममा नेपाल पत्रकार सहासंघ नवलपरासीका कोषाध्यक्ष रविलाल पाण्डेय, दलित संघका राजेन्द्र सुनार लागागतका वक्ताहरुले घटनाको छानविन गरी दोषीलाई कारवाही गर्नुपर्ने माग गरे ।

मानव अधिकार तथा शान्ति समाज नवलवरासी शाखाका सभापति सन्तोष अधिकारीको सभापतित्वमा रहेको कार्यक्रममा कार्यक्रमको औचित्य एवं स्वगत कार्यसमिति सदस्य प्रकाश न्यौपानेले गरेका थिए भने कार्यक्रमको सञ्चालन सचिव गणेश न्यौपानेले गरेका थिए ।

कार्यक्रममा राजनीतिक दलका प्रतिनिधि, नागरीक समाजका प्रतिनिधि, मगर संघ, दलित संघ, सुनचादि व्यवसायी संघ, उद्योग वाणिज्य संघ, पेटोलियम व्यवसायी, पत्रकारलगायतको उपस्थिति रहेको थियो । कार्यक्रम उपस्थित सम्पुर्णले जातिय भेदभावको अन्त्य गरौं, रुकुमको घटनामा संसदिय समिति गठन गर, दोषि पत्ता लगाई कारवाही गर, छुवाछुतको अन्त्य गर लेखिएका प्ले कार्ड लिएका थिए ।

# भीमदत्त नगरपालिकाका भूमिहिन विपन्न परिवारलाई आवास

**गोमती पाल/मध्यान्ह**
महेन्द्रनगर, १७ जेठ

भीमदत्त नगरपालिकाका विपन्न र भूमिहिन परिवारले यस वर्ष आफ्नै घरमा बस्न पाउने भएका छन्। यस वर्ष नगरपालिकामा जनता आवास कार्यक्रम अन्तर्गत २२ परिवारका घर निर्माण हुन लागेका हुन् । ती सबै परिवारको घर निर्माण शुरु गरिएको छ ।

कञ्चनपुर क्षेत्र नं. ३ का साँसद डा. दिपक प्रकाश भट्टको स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम, भीमदत्त नगरपालिका र हेभिवेट इन्टरनेशनलको साझेदारीमा घर निर्माण हुन लागेका हुन् । जनता आवाश कार्यक्रम गत वर्षदेखि सञ्चालन गरिएको थियो ।



जनता आवास कार्यक्रम अन्तर्गत सबैभन्दा बढी वडा नं. ९ र १० मा १० र १० घर निर्माण हुन लागेका छन्। वडा नं. ९ को जमुनाभाडीका वादी समुदायको वस्तीमा घर बनाउन थालिएको हो। यहाँ रहेका वादी समुदाय पुस्तौदेखि भूमि विहिन छ। कार्यक्रम अन्तर्गत वडा नं. ३ र ६ मा एक र एक घर निर्माण शुरु गरिएको छ ।

ती सबै घर शौचालयसहितको दुई कोठाका छन् । घर निर्माण सुरु गरिएपछि भूमिहिन विपन्न परिवार खुसी छन् । गत वर्ष भीमदत्त नगरपालिकाका कार्यक्रम अन्तरगत १५ परिवारका घर निर्माण गरिएका थिए । घर निर्माणमा साँसद भट्टको स्थानीय पूर्वाधार विकास साझेदारीबाट ५० लाख, भीमदत्त नगरपालिकाको १० लाख र हेभिवेटको २० लाख खर्च साझेदारी गरिएको छ । भीमदत्त नगरपालिकाका नगर प्रमुख सुरेन्द्र विष्ट, नगर उप प्रमुख सुशिला चन्द सिहले घर निर्माणको स्थलगत अनुमगन गरेका छन् ।

# क्वारेन्टाइनमा मृत्यु भएकी महिलाको कोरोना रिपोर्ट नेगेटिभ



**रविन विश्वकर्मा/मध्यान्ह**
प्यूठान, १७ जेठ

प्यूठानको ऐरावती गाउँपालिका-६ स्थित जनता मावि क्वारेन्टाइनमा मृत्यु भएकी महिलाको पिसिआर बिधिबाट गरिएको कोरोना परीक्षणको रिपोर्ट नेगेटिभ आएको छ। २७ वर्षीया पार्वती थापाको आरडिटी परीक्षण गर्दा पोजेटिभ देखिएपछि उनको स्वाव संकलन गरि पीसिआर परीक्षणका लागि भैरहवा पठाइएको थियो । आरडिटी परीक्षणमा पोजेटिभ देखिएको युवतीको कोरोना पिसिआर परीक्षण रिपोर्ट नेगेटिभ अर्थात उनमा कोरोना भाइरस (कोभिड १९)को संक्रमण नदेखिएको जिल्ला जनस्वास्थ्य कार्यालय प्यूठानका प्रमुख बिशाल सुवेदिले बताए ।

पार्वतीको मल्लरानी गाउँपालिका-४ गहतेरामा विवाह भएको हो । श्रीमान भारतमा काम गर्ने हुँदा उनी श्रीमानसँगै भारतको पञ्जाव लुधियानमा बस्दै आएकी थिइन् । ब्रेन ट्युमरको समस्याबाट ग्रसित युवतीको दुई पटक अप्रेशन गरिएको थियो। पारिवारिक स्रोतका अनुसार उनको तीन वर्ष अघि पहिलो पटक र अढाई महिना अघि दोस्रो पटक अप्रेशन गरिएको थियो । उनी बाच्न सक्ने संम्भावना न्युन रहेको डक्टरले बताएका थिए। उनी प्यूठान आउँदा नै विरामी अवस्थामा थिइन् । घरमा हेरचाह गर्ने मान्छे नभएकाले उनलाई श्रीमानको आग्रहमा माइतीघर तर्फको क्वारेन्टाइनमा राखिएको थियो । उनको जेठ १३ गते मंगलबारका दिन मृत्यु भएको थियो ।

यस्तै आरडीटी पोजेटिभ देखिएका प्यूठानका अर्का एक जनाको पीसीआर रिपोर्ट नेगेटिभ आएको छ । मल्लरानी गाउँपालिकाको क्वारेन्टाइनमा बसेका एक पुरुषमा कोरोना संक्रमण नदेखिएको पुष्टि भएको कार्यालय प्रमुख सुवेदीले जानकारी दिए । मल्लरानी गाउँपालिकाको कसेरीको क्वारेन्टाइनमा रहेका उनको स्वास्थ्यमा समस्या आएपछि आरडिटि परीक्षण गरिएको थियो । गत मंगलबार आरडिटी जांचमा रिपोर्ट पोजेटिभ देखिएपछि उनलाइ थप उपचारका लागि बुटवल रिफर गरिएको थियो । बुटवलस्थित कोरोना विशेष अस्पतालमा उपचाररत उनको पिसिआर रिपोर्ट नेगेटिभ आएसँगै कोरोना नभएको पुष्टि भएको हो । उनी जेठ ११ गते भारतबाट आएर क्वारेन्टाइनमा बस्दै आएका थिए ।

**बिजुलीमा ५ जनामा आरडीटी पोजेटिभ**

जिल्लाको ऐरावति गाउपालिका ६ विजुलीस्थित जनता मा.वि.को क्वारेन्टाइनमा ५ जना यक्तिको आरडिटी परीक्षण क्रममा पोजेटिभ रिपोर्ट आएको छ । शुक्रवार परीक्षण गर्दा पोजेटिभ भएका उनीहरूको स्वाव संकलन गरि पिसिआर टेस्टका लागि भैरहवा पठाएको जिल्ला स्वास्थ्य कार्यालय प्यूठानका कोरोना फोकल पर्सन पुस्कल श्रेष्ठले बताए । उनीहरुको रिर्पोट आउन केहि दिन लाग्ने उनको भनाई छ ।

# सेनाको अर्गानिक तरकारी खेती

**काठमाडौं/मस-** नेपाली सेनाको ब्यारेकभित्र रहेका खाली जग्गाहरुमा अर्गानिक तरकारी खेती शुरु गरिएको छ । नेपाली सेनाले आफ्ना ब्यारेकहरु भित्र रहेका खाली जग्गाहरुको सदुपयोग गर्ने उदेश्यले अर्गानिक तरकारी उत्पादन गर्न शुरु गरेको हो। जसबाट नेपाली सेनालाई आवश्यक पर्ने तरकारीको मागलाई



केहि हदसम्म परिपूर्ति हुने बताइएको छ ।

सेनाको ब्यारेकभित्र फलाइने तरकारी अर्गानिक हुने हुँदा देशको सुरक्षामा खटिने नेपाली सेनाको स्वास्थ्यमा समेत फाइदा हुने बताइएको छ । ब्यारेकभित्र गोलभेडा, काउली, बन्दा फर्सी, भन्टा, बोडी, काँक्रो, बोडी, लौका धनिया लगायतका हरिया तरकारीहरु रोपिएको छ ।

सेनाले देशभर आफ्ना ब्यारेकहरुमा रहेका खाली जग्गाहरुमा पनि तरकारी खेती गर्ने नेपाली सेनाका प्रवक्ता विज्ञानदेव पाण्डेले जानकारी दिए । विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरसका कारण आयातित विषदीयुक्त तरकारीमा भाइरसको जोखिम बढी हुने भएकाले खाली जग्गाको सदुपयोग गर्दै आफैंले उत्पादन गरेको सेनाले जनाएको छ ।

**सात...**

थपिएको जानकारी दिएको छ ।

जेठको शुरुवातसँगै नेपालमा संक्रमित संख्या बढेर गएको छ । संक्रमित बढेसँगै त्रास थपिदै गएको छ । गएको चैत ११ गते देखि कोरोना संक्रमण रोकथामका लागि लकडाउन गरिदै आएको छ । तर, दुई महिना बितिसक्दा समेत संक्रमित झनै बढेर गएकाले त्रास देखिएको हो । मन्त्रालयले शनिबारसम्म पीसीआर विधि मात्रै ६६ हजारको परीक्षण गरिएको छ ।

परीक्षण गरिएकोमा ६५ हजार ३२८ जनामा संक्रमण देखिएको छैन । क्वारेन्टिनमा बस्नेहरुको संख्या भने दश हजार बढेको छ । शनिबार सम्म क्वारेन्टिनमा बस्नेको संख्या एक लाख १० हजार नाघेको छ, जबकी शुक्रबारसम्म ९९ हजार क्वारेन्टिनमा थिए । यस मध्ये एक हजार १७६ जना आइसोलेसनमा छन् ।

**क्वारेन्टिनमै...**

फर्किएका थिए । भारतबाट आएको तीन दिनपछि क्वारेन्टिनमा बसेका बेला २० वर्षीया चदाराले पहिलो बच्चाका रुपमा छोरी जन्माएको उनले बताए ।

सोही वडामा रहेको सामुदायिक स्वास्थ्य केन्द्रमा कार्यरत अनमी दिया सिंहले क्वारेन्टिनमा नै सुरक्षित सामग्री प्रयोग गरी बच्चा जन्माएको बताइन्। उनका अनुसार क्वारेन्टिनमा बच्चा पाएकी सुत्केरी महिला र नवजात शिशुको अवस्था सामान्य रहेको छ ।

यस्तै, बूढीगंगा नगरपालिका-१ वडा कार्यालयले धुरालसैन माध्यमिक विद्यालयमा तीन दिनकी सुत्केरी महिला क्वारेन्टिनमा बसेको पाइएको छ । सोही नगरपालिका अम्कोटकी २० वर्षीया पूजा नेपाली रहेको वडा सदस्य थापाले बताए ।

भारतको पलियाबाट सुत्केरी भएर आएकी नेपाली र उनका श्रीमान्समेत सोही क्वारेन्टिनमा बस्दै आएकी थिइन् । क्वारेन्टिनमा बसेका सुत्केरी आमा र शिशुको अवस्था सामान्य रहेको स्वास्थ्यकर्मी दिया सिंहले बताइन् । उनीहरुको सुरक्षा सामग्री प्रयोग गरी जाँच गर्दा अवस्था सामान्य रहेको पाइएको छ ।

**कामदार..**

गर्ने नेपाल सरकारको पछिल्लो निर्णयले उकुसमुकुस अवस्थामा रहेका नेपालीहरुलाई केही राहत महशुस भएको भन्दै ओमानबाट ४ सय ५० जना नेपाली तत्काल स्वदेश फर्किने अवस्थामा रहेको जानकारी दिइन् । ओमानले शनिबारदेखि लकडाउन पूर्ण रुपमा हटाएको छ।

गैरआवासीय नेपाली संघ स्वास्थ्य समितिका तर्फबाट नेपाल सरकारसमक्ष समन्वयको भूमिकामा रहेका पूर्व मन्त्री एवं सांसद गंगालाल तुलाधरले नेपालमा क्वारेन्टाइनको अवस्था अत्यन्तै भद्रगोल र दयनीय अवस्था रहेको भन्दै विदेशमा रहेका नेपालीलाई तत्काल स्वदेश फर्किन पाए बचिन्छ भन्ने मान्यता राखेर स्वदेश फर्किन हतार नगर्न सुझाव दिए ।

उनले भने, 'तपाईंहरुले थाहा पाइरहनुभएको छ ,नेपालका क्वारेन्टाइनहरको अवस्था कति खराव बनिरहेको छ, मारपीट भएर सुरक्षाकर्मी परिचालन गर्नु परेको छ । सरकारले विदेशमा अलपत्रहरुलाई स्वदेश फर्काउने निर्णय गरिसकेको छ, तर यस्तो अवस्थामा सकेसम्म जो जहाँ छ, त्यहीँ बस्नु नै बुद्धिमानी हुन्छ।'उनले हालसम्म ५ लाख ५० हजार नेपाली स्वदेश फर्काउनुपर्ने अवस्थामा रहेको जानकारी नेपाल सरकारसंग रहेको जानकारी पनि दिए ।

खाडीका विभिन्न देशबाट संक्रमितहरुको संख्या पटक-पटक सार्वजनिक हुने गरेको भएपनि ती मुलुकहरुले संक्रमितहरुको राष्ट्रियता नखुलाउने भएका कारण संक्रमित नेपालीहरुको संख्या औपचारिक रुपमा एकिन गर्न समस्या रहेको उनले बताए ।

कोरोना भाइरस रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको शुक्रबारको बैठकले कोरोना भाइरस संक्रमणका कारण रोजगारी गुमाई वा अन्य विभिन्न कारणले भारतबाहेक विदेशमा अलपत्र परेकामध्ये कम्तीमा २५ हजार नेपालीलाई नेपाल ल्याउने निर्णय गरेको छ । उनीहरुलाई प्राथमिकताको आधारमा एक हप्तादेखि १० दिनभित्र नेपाल ल्याउने निर्णय गरेको बताइए पनि विवरण संकलन गरी पेश गर्न परराष्ट्र मन्त्रालयलाई नै १० दिनको समय दिइएको छ । सरकारले जेठ मसान्तसम्म अन्तर्राष्ट्रिय उडानमा प्रतिबन्ध लगाएको छ ।

# बन्दाबन्दीमै तयार भयो वैकल्पिक फुटबल मैदान



**कास्की/रासस–** कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रणका लागि सरकारले लागू गरेको बन्दाबन्दीका कारण सबै क्षेत्र प्रभावित रहँदा समेत पोखरा रङ्गशालाभित्रको वैकल्पिक (अभ्यास) फुटबल मैदान निर्माणको काम भने यसैबीचमा सम्पन्न भएको छ ।

निर्माणाधीन देशकै सबैभन्दा ठूलो फुटबल रङ्गशालासँगै जोडिएको पश्चिमपट्टी यो अभ्यास मैदान निर्माण गरिएको छ । जारी बन्दाबन्दीका बीचमा निरन्तर काम गरेर मैदान समथर बनाउने, नाला निर्माण र मैदानमा दुबो रोप्ने काम सम्पन्न गरिएको हो । सो मैदानका लागि चालू आर्थिक वर्षमा युवा तथा खेलकूद मन्त्रालयले रु ९० लाख बजेट विनियोजन गरेको थियो । १३ औँ दक्षिण एशियाली खेलकूद (साग) अन्तर्गत महिला फुटबल पोखरामा खेलाइने भएपछि मुख्य रङ्गशालाको आडमा अभ्यास मैदान तयार गर्ने योजना थियो । सोहीअनुसार सरकारले बजेट विनियोजन गरे पनि अभ्यास मैदान सागमा तयार भएन ।

मैदानको काम अलपत्र परेपछि राष्ट्रिय खेलूकद परिषद् (राखेप) सदस्य राजेशकुमार गुरुङले बन्दाबन्दीमै काम शुरु गरेकोमा दुई महिनामा सबै काम सकिएको हो । मैदानमा हाल गोलपोष्ट राख्ने काम बाँकी छ । कोरोनाको महामारीमा समेत सुरक्षित तरिकाले सामाजिक दूरी कायम राख्दै ११५ मिटर लम्बाइ तथा ६५ मिटर चौडाइको फुटबल मैदान समथर बनाउने, लेबलिङ र दुबो रोप्ने काम सकिएको गुरुङले जानकारी दिए ।

मैदान दुई महिनाभित्रमा खेल्न योग्य हुने र स-साना प्रतियोगिता यही मैदानमा खेलाइने योजना छ । सो फुटबल रङ्गशालामा ३०० देखि ४०० जना अट्ने गरी प्यारापिट र चेन्जिङ रुम (कपडा फेर्ने कोठा), शौचालयलगायतका पूर्वाधार आगामी वर्षमा शुरु गरिने बताइएको छ । पोखरा रङ्गशालाभित्रको मुख्य फुटबल रङ्गशालाको काम भने जारी बन्दाबन्दीका कारणले रोकिएको छ । रु एक अर्ब २८ करोड लागतमा निर्माणाधीन रङ्गशालामा हाल १६ हजार ५०० दर्शक अट्ने प्यारापिट तयार गरिएको छ भने मैदानको सबै काम सकिएको छ ।

भिआइपी प्यारापिटमा छानो छाउने, चेन्जिङ रुम, मिडिया सेन्टर, कन्फ्रेन्स हललगायतको काम बन्दाबन्दीले रोकिएको निर्माण कम्पनीका परियोजना प्रबन्धक दीपक बरालले बताए । पछिल्लो समय प्यारापिटको क्षमता वृद्धि गरेर २० हजार दर्शक क्षमताको बनाउने राखेपले तयारी गरेको थियो ।

# ट्रम्पद्वारा डब्लुएचओसँगको सम्बन्ध तोड्ने घोषणा



**काठमाडौं/एजेन्सी–** संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) सँग अमेरिकाले सम्बन्ध तोड्ने घोषणा गरेका छन् । उनले अमेरिकाले विश्व स्वास्थ्य संगठनसँगको सबै खाले सम्बन्ध तोड्ने घोषणा गरेको समाचारमा जनाइएको छ ।

विश्वमा फैलिएको कोभिड १९ को विषयलाई लिएर पछिल्लो समयमा संयुक्त राज्य अमेरिका र विश्व स्वास्थ्य संगठनबीचको सम्बन्ध चिसिएको थियो । राष्ट्रपति डोनाल्ड ट्रम्पले विश्व स्वास्थ्य संगठनले अमेरिकाको नभएर चीनको मात्र भाषा बोलेको आरोप उनले लगाउँदै आएका थिए ।

राष्ट्रपति ट्रम्पले उक्त संगठनसँगको सम्बन्ध तोड्ने जानकारी दिँदै कोरोना भाइरस संक्रमण फैलिनबाट रोक्न विश्व स्वास्थ्य संगठन असफल भएको आरोप पनि लगाएका छन् । राष्ट्रपति ट्रम्पले गत महिनामात्र पनि अमेरिकाले विश्व स्वास्थ्य संगठनलाई दिँदै आएको आर्थिक सहयोगको मात्रा पनि बन्द गरिदिने चेतावनी दिएका थिए ।

शुक्रबार ह्वाइटहाउसमा आयोजित पत्रकार सम्मेलनमा राष्ट्रपति ट्रम्पले भने, 'चीनले वर्षेनी विश्व स्वास्थ्य संगठनलाई ४ करोड अमेरिकी डलर बराबरको मात्र आर्थिक सहायता दिँदै आएको छ तर उक्त संगठनमाथि चीनले नै नियन्त्रण जमाएको छ ।' उनले अमेरिकाले विश्व स्वास्थ्य संगठनलाई वर्षेनी ४५ करोड अमेरिकी डलर बराबरको आर्थिक सहायता प्रदान गरी आएको जानकरी गराउँदै तर पनि उक्त संगठनले अमेरिकाको आवाज बोल्न नसकेको आरोप लगाए ।

उक्त संगठनलाई ब्यापक सुधार गर्न अमेरिकाले अनुरोध गरेको भए पनि उ असफल भएको आरोप पनि राष्ट्रपति डोनाल्ड ट्रम्पले लगाए । उनले भने, ' त्यसैले पनि हामीले आजबाट विश्व स्वास्थ्य संगठनसँगको सबै खालको नाता तोड्दैछौं ।'

यस घोषणासँगै राष्ट्रपति ट्रम्पले संयुक्त राष्ट्रसंघ अन्तर्गतको संस्था डब्लुएचओलाई अमेरिकाले दिँदै आएको बराबरको आर्थिक सहयोगको रकम अबदेखि विश्वमा जनस्वास्थ्यका क्षेत्रमा लगाउने पनि जानकारी दिए । संयुक्त राज्य अमेरिका विश्व स्वास्थ्य संगठनको सबैभन्दा ठूलो दाता राष्ट्र हो । अमेरिकाले प्रत्येक वर्ष उक्त संगठनलाई ४५ करोड अमेरिकी डलर बराबरको आर्थिक सहायता उपलब्ध गराउने गर्छ ।

यसअघि देखि नै राष्ट्रपति ट्रम्पले चीनबाट सुरु भएको कोरोना भाइरसको संक्रमण विश्वभर फैलिनु र जनधनको ठूलो क्षति हुनुमा उक्त संगठनलाई दोषी देखाएका थिए । अमेरिकाले विश्व स्वास्थ्य संगठनमा विस्तृत रुपमा सुधार गर्ने भनेको तर पति उक्त संगठनले नमानेको आरोप ट्रम्पको छ । यसअघि पनि उनले चीनले सुरुमा कोरोना भाइरस पत्ता लाग्नासाथ सही सूचना लुकाएको आरोप लगाएका थिए ।

अमेरिकाले उक्त भाइरसको प्रकोप फैलिएदेखि नै कोरोना भाइरस फैलिनुको कारण पत्ता लगाउन विश्व स्वास्थ्य संगठनले विशेषज्ञहरुको टोली चीन पठाउनुपर्ने माग राख्दै आएको छ । तर त्यस मागप्रति चीन र विश्व स्वास्थ्य संगठन नै सकारात्मक छैनन् ।

कोरोना भाइरसबाट विश्वमै सबैभन्दा बढी प्रभावित देश अमेरिका हो । अमेरिकामा कोरोना संक्रमणका कारण एक लाख भन्दा बढीको ज्यान गएको छ भने १७ लाखभन्दा बढी नागरिक संक्रमित छन् ।

# प्रदेशस्तरीय क्रिकेट खेल मैदान निर्माण



**तनहुँ/मस–** व्यास नगरपालिका-११ स्थित फराकचौरमा गण्डकी प्रदेशस्तरीय क्रिकेट खेल मैदान निर्माण सम्पन्न भएको छ । पाँच वर्षका अवधिमा रु ४५ लाखको लागतमा एक सय मिटर लम्बाइ र ६५ मिटर चौडाइ रहेको फराकिलो क्रिकेट मैदान निर्माण गरिएको हो ।

युवा तथा खेलकूद मन्त्रालय, गण्डकी प्रदेश मुख्यमन्त्री कार्यलय र नगरपालिकाको आर्थिक सहयोगमा मैदान निर्माण गरिएको कोलढुङ्गा क्रिकेट खेल मैदान निर्माण समितिका अध्यक्ष वीरेन्द्र अधिकारीले जानकारी दिए । हालसम्म नगरपालिकाको रु २५ लाख, मन्त्रालयबाट रु १५ लाख र मुख्यमन्त्री कार्यालयबाट रु पाँच लाख गरी रु ४५ लाखको लागतमा मैदान निर्माण गरिएको हो । आफु अध्यक्ष हुनुअघि पनि नगरपालिका कार्यालयलगायत निकायबाट मैदानका लागि आर्थिक सहयोग भएको उनले बताए ।

त्यस क्षेत्रमा रहेको सार्वजनिकस्थलमा पर्ने भीरपहरालाई डोजरको प्रयोग गरी खारेर खेल मैदान बनाइएको छ । उनले भने, 'गण्डकी प्रदेशस्तरीय क्रिकेट मैदान बनाउने उद्देश्यले मैदान निर्माण गरिएको हो ।' कुल रु चार करोड ५३ लाखको योजनानुरुप खेल मैदानको निर्माण अघि बढाइएको समितिका अध्यक्ष अधिकारीले बताए ।

नगरपालिकाबाट गत वर्ष विनियोजित रु पन्ध्र लाखबाट सम्पन्न भएको कार्यको नगरपालिकाका उपप्रमुख मीरा जोशी, इञ्जिनीयर राजु पौडेल, जनप्रतिनिधिलगायत टोलीले अनुगमन गरी फर्किसकेको छ । उक्त खेल मैदानमा हाल ५, ८ र ११ साइडको खेल खेल्न मिल्ने क्षमताको क्रिकेट मैदान निर्माण भएको वडाध्यक्ष निरबहादुर खड्काले जानकारी दिए ।

ठूला क्रिकेट खेल प्रतियोगिताका लागि मैदानको क्षेत्रफल अझै अपुग हुने देखिएको छ । उनले भने, 'त्यस क्षेत्रमा रहेको करीब तीन सय रोपनी क्षेत्रफल प्रयोग गर्न सकिने अवस्था रहेको छ ।' लोडरका माध्यमबाट पेलेर मैदान समथर बनाउने कार्य सम्पन्न भएको र भौतिक संरचना निर्माण बाँकी रहेको उनले जानकारी दिए । उक्त क्रिकेट मैदानको व्यास नगरपालिका कार्यालयले विस्तृत परियोजना प्रतिवेदन तयार गरेको थियो ।

# अमेरिकामा हिंसा भड्किएपछि सैन्य प्रहरी तैनाथ

**काठमाडौं/रासस–** संयुक्तराज्य अमेरिकाका दर्जनौं शहरहरूमा शुक्रबार हिंसा भड्किएसँगै रक्षा मन्त्रालयले मिनियापोलिस राज्यमा सेना परिचालन गर्नेगरी सेनालाई सतर्क अवस्थामा राखिएको जनाएको छ । अमेरिकी राज्य मिनियापोलिसमा प्रहरीले घाँटी थिचेर एक निहत्था अश्वेत अफ्रिकी अमेरिकी युवक जर्ज फ्लोयडको मृत्यु भएपछि भड्किएको हिंसा देशव्यापी बनेको छ ।

प्रत्यक्षदर्शीका अनुसार हतकडी लगाइएका ती युवकको घाँटीमा घुँडाले बेस्सरी धेरैबेर थिचिएको थियो । शास फेर्न मुश्किल भएको भन्दै उनले याचिका गरे पनि प्रहरीले उनको कुरा सुनेका थिएनन् । ती युवक एउटा पसलमा भ्कुटो बिल देखाएको आशंकामा पक्राउ परेका थिए ।

प्रहरी क्रुरताको नजिकैबाट एकजना बटुवाले खिचेको भिडियोमा प्रहरीले फ्लोयडको घाँटीमा घुँडा टेकेको देखाइएको छ । फ्लोयडको प्रहरी चोटपटकका कारण उपचारकै क्रममा मृत्यु भएको थियो । घाँटी थिच्ने प्रहरी अधिकृत डेरेक चौविन पक्राउ परेका छन् भने उनलाई शुक्रबार व्यक्तिहत्याको आरोप लगाइएको छ ।

अनुसन्धानका क्रममा ती प्रहरीले फ्लोयडको घाँटी करिब ८ मिनेटसम्म थिचेको देखिएको छ । प्रहरीको उक्त क्रुरतासँगै शुरु भएको विरोध प्रदर्शनले देशव्यापी हिंसात्मक रुप लिएको छ । बिहीबार प्रदर्शनकारीहरुले फ्योयडलाई गिरफ्तार गरेर राखिएको मिनियापोलिसको एउटा प्रहरी चौकीमा आगो लगाइदिएका छन् । प्रहरीले हिंसा नियन्त्रणमा ल्याउन हवाई फायर र अश्रुग्यास प्रहार गरेको छ ।

हिंसाले उग्र रुप लिएपछि नगर प्रमुख जेकब फ्रेले स्थानीय समयानुसार शुक्रबार राति ८ बजेदेखि लागू हुनेगरी शहरभर कर्फ्यु लगाएको घोषणा गरेका थिए । तर शहरको दक्षिणी भागमा हजारौं मानिस निषेधाज्ञाको अवज्ञा गर्दै सडकमा भेला भएका थिए । शुरुमा प्रदर्शन शान्त देखिएपनि केही समयपछि उनीहरुले कार हरुमा आगो लगाइदिनुका साथै पसलहरु तोडफोड गरियो । अन्ततः भीडले शहरका धेरै ठाउँका निजी तथा सार्वजनिक सम्पत्तिमा आगो लगायो ।

यो अस्थिरता र विरोध प्रदर्शन देशव्यापी हुनेक्रममा छ । वासिङ्टन डिसी, एटलान्टा, फिनिक्स, डेनभर र लस एन्जलस लगायतका ठूला अमेरिकी शहरहरूमा परिस्थिति विस्फोटक बनेको छ ।

प्रदर्शनमा सहभागी मिनियापोलिसका २६ वर्षीय युवक बेन हुबर्टले प्रदर्शनकारीले निषेधाज्ञाको अवज्ञा गर्नु र आगजनी गर्नु सामान्य रहेको प्रतिक्रिया दिए । फ्लोएडमाथि भएको बर्बर अन्यायका बारेमा उनी भन्छन्, 'म पनि क्रुद्ध भएको छु । म आज धेरै दुःखित छु । यति लामो समयदेखि हामीमाथि अन्याय भइरहेको थियो । यो वर्षौंदेखि जारी थियो ।' प्रहरी चौकी घेर्न पुगेका कतिपय 'प्रहरीलाई कारबाही गर' भन्दै नारा लगाउँदै थिए ।

उत्तरी क्यारोलिनाको फोर्ट ब्राग र न्यू योर्कको फोर्ट ड्रमका ब्यारेकका सैनिकलाई तत्मयार रहन आदेश दिइएको छ । सेना परिचालनको आदेश जारी भएको खण्डमा चार घण्टाभित्र कार्यस्थलमा तैनाथ भइसक्ने गरी तयार रहन रक्षा मन्त्रालयले निर्देश गरेको छ । कोलोराडोको फोर्ट कार्सन तथा कन्सासको फोर्ट राइलेका सेनालाई पनि २४ घण्टाभित्र तयार भइसक्न आदेश दिइएको छ ।

राष्ट्रपति डोनाल्ड ट्रम्पले मिनियापोलिस शहरका केही भागमा लुटपाट र आगजनीका घटना उग्र बन्दै गएपछि प्रदर्शनलाई नियन्त्रणमा ल्याउन रक्षामन्त्री मार्क एस्परलाई सैनिक विकल्पमाथि विचार गर्न मौखिक आदेश दिएका थिए ।

# किसानको सशक्तिकरण प्राथमिकतामा : मोदी

**भारत/एजेन्सी–** भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले वितेको एक वर्ष गरिब, किसान, महिला र युवाको शसक्तिकरणलाई प्राथमिकतामा राखिएको बताएका छन् । प्रधानमन्त्रीका रुपमा दोस्रो कार्यकाल शुरु गरेको एक वर्ष पुगेको अवसरमा अडियो सन्देश जारी गर्दै प्रधानमन्त्री मोदीले उनीहरुको सशक्तिकरणबाट नै मुलुकलाई सशक्त बनाउन सकिने उल्लेख गरेका छन् ।

मोदीले एनडीए नेतृत्वको केन्द्रिय सरकार गठन गरेर दोस्रो कार्यकाल शुरु गरेको एक बर्ष पुरा भएको छ । गत वर्ष भएको लोकसभा निर्वाचनमा जनताले मुलुकलाई नयाँ उचाइमा पुऱ्याउने सपना देखेर मतदान गरेको पनि मोदीले अडियो सन्देशमा स्मरण गरेका छन् ।

'त्यसैले हामीले यस वर्ष गरिब, किसान, महिला र युवालाई सशक्तिकरण गर्ने कुरालाई प्राथमिकतामा राख्यौं,' उनले भनेका छन् । उनले नागरिकका नाममा पत्र समेत लेख्दै गत एक वर्षमा सरकारले गरेका कामहरुको सूची पनि सार्वजनिक गरेका छन् ।

सूचीमा उनले आफुहरुको प्रयास, उपलब्धि, ठूला ठूला निर्णयहरुलगायत पनि समेट्नु भएको जनाइएको छ । कोरोनाभाइरसको संक्रमण फैलिइरहेको र देशभरी लकडाउन लागु गर्नु परेको अवस्थामा समेत सरकारले प्रभावकारी कामहरु गरेको प्रधानमन्त्री मोदीको दाबी छ ।

उनले जम्मु कश्मिरलाई केन्द्रीय प्रशासनअन्तर्गत ल्याएको, अयोध्या सम्वन्धी आदेश आएको, नागरिकता सम्वन्धी नयाँ व्यवस्था गरिएको लगायतका विषयलाई मुख्य कार्यको रुपमा उल्लेख गरेका छन् । त्यसैगरी देशको विकास र राष्ट्रिय एकताका लागि धेरै कामहरु भएको पनि प्रधानमन्त्री मोदीले पत्रमा लेखेका छन् ।

# पाकिस्तानले शुरु गऱ्यो अन्तर्राष्ट्रिय उडान



**पाकिस्तान/एजेन्सी–** कोभिड १९ को कारण बन्द रहेको अन्तर्राष्ट्रिय उडानहरु पाकिस्तानले शुरु गरेको छ । पाकिस्तानले शुक्रबार रातिदेखि अन्तर्राष्ट्रिय उडान शुरू गरेको हो । पाकिस्तान सरकारले कोरोनाभाइरस संक्रमणका कारण यसको नियन्त्रण गर्न नियमित गतिविधिमा पनि रोक लगाएको थियो । तर शुक्रबारदेखि यहाँका अन्य नियमित गतिविधिहरुमा पनि खुकुला पार्ने नीति लिएको छ । उक्त निर्णयसँगै अन्तर्राष्ट्रिय उडानहरुमा लगाएको प्रतिबन्ध पनि शुक्रबार रातिदेखि नै फुकुवा गरेको बताएको छ ।

पाकिस्तान नागरिक उड्डयन प्राधिकरणले शुक्रबार एक सूचना जारी गरेर सो जानकारी दिएको थियो र सोही बमोजिम शुक्रबार रातिबाट उडान शुरु भएको हो । प्राधिकरणले देशभित्रका आन्तरिक उडानहरुलाई पनि विस्तारै विभिन्न चरणमा गरी यसअघि नै शुरू गरिसकेको छ ।

पाकिस्तान सरकारको निर्णयअनुसार पाकिस्तानबाट हुने अन्तर्राष्ट्रिय उडानहरू शुक्रबार राति २३:५९ पछि सुरू भएका समाचारमा जनाइएको छ । पाकिस्तानबाट विदेशका लागि हुने उडानका लागि आवश्यक प्रक्रिया सरकारले पहिले नै तोकेको थियो । यहाँबाट गरिने विदेशी उडानहरुका लागि विमान कम्पनीहरूले गन्तव्य देशको नियमलाई पालना गर्नुपर्ने गरी नियम बनाइएको छ ।

हरेक विमानलाई उडान शुरु गर्नुपूर्व स्यानिटाइज गर्ने तथा विमानस्थलमा भिडभाड नगर्नेलगायतका स्वास्थ्यसम्बन्धी सुरक्षाका मापदण्डहरु अपनाउनुपर्ने नियम यहाँका उड्डयन अधिकारीहरुले बनाएका छन् ।


Government of Nepal

Ministry of Physical Infrastructure and Transport

Department of Roads

**Kaligandaki Corridor (Gaidakot-Ramdi-Maldhunga) Road Project, Palpa**

**Notice for Opening of Price Bids**

Date of Publication: 2077-02-18 (31th May, 2020)

1. Pursuant of Clause 31 (nga), Sub Clause 5 of Public Procurement Regulation 2064 (including amendments), this is to notify all the concerned bidders, participated in the bidding of contracts invited through IFB No. KCRP/33701132-4/076/77-02 published in Rajdhani National Daily on 2076-11-30, the technical bids of following listed bidders for respective contracts are qualified.
2. All the qualified bidders are notified to participate in opening of Price Bids scheduled on **2077-02-26 (8th June, 2020) 13:00 hours** at the office of Kaligandki Corridor (Gaidakot-Ramdi-Maldhunga) Road Project, Palpa.

| S. N. | Contract Identification No. | Description and location of work | Qualified Bidders |
|---|---|---|---|
| 1 | KCRP/337011 32-4/076/77-02 | Contruction of Prestressed Bridge (1*35m) Over Chauri khola, Baglung | Sunil Samir-One Direction JV, Gulmi |
| | | | Acharya Builders Pvt. Ltd.,Baglung |
| | | | Pacific-Karna JV, Kathmandu |
| | | | PK Nirman Sewa Pvt. Ltd, Dang |
| | | | Raymajhi-Rajeshwori JV, Gulmi |

**Project Manager**

# अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्ग विस्तार

**सिबी अधिकारी/रासस**
काठमाडौं, १७ जेठ



मुलुकको एकमात्र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्ग विस्तार गरी तीन हजार ३०० मिटर कायम गरिएको छ । अन्तर्राष्ट्रिय विमानस्थलको पुरानो तीन हजार मिटर लामो धावनमार्गलाई थप ३०० मिटर विस्तार गएको हो ।

विमानस्थलको धावनमार्गको दक्षिणतर्फ (कोटेश्वर क्षेत्र) रनवे जिरो-टु विस्तारको काम सम्पन्न भएको विमानस्थलले जनाएको छ। नियामक निकाय नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) अन्तर्गतका हवाई यातायात क्षमता अभिवृद्धि आयोजनाले धावनमार्ग विस्तारको काम गरेको हो ।

आयोजनाका सूचना अधिकारी दीपेन्द्र श्रेष्ठले धावनमार्ग विस्तार गरी तीन हजार ३०० मिटर बनाइएको जानकारी दिऐ । विमानस्थलको धावनमा मार्ग विस्तारपछि उडान अवतरणका लागि सहजता आउनाका साथै अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ) को मापदण्ड पूरा हुने उनले उल्लेख गरे ।

धावनमार्ग विस्तारपछि अन्तर्राष्ट्रिय उडानका जहाजलाई उडान अवतरणमा सहजता हुने विमानस्थलका महाप्रबन्धक देवेन्द्र केसीले बताए । उनले भने, "धावनमार्ग विस्तार भएपछि अन्तर्राष्ट्रिय जहाजलाई उडान अवतरण गर्न सहज हुन्छ, यसले विमानस्थलको सुरक्षालाई पनि मद्धत पुग्छ ।"

महाप्रबन्धक केसीका अनुसार अन्तर्राष्ट्रिय विमानस्थलको यो चौथोपटकको धावनमार्ग विस्तार गरिएको हो । यसअघि विमानस्थलको शुरुमा छ हजार, दोस्रोपटक आठ हजार र तेस्रोपटक तीन हजार मिटर धावनमार्ग विस्तार भएको थियो । अन्तर्राष्ट्रिय विमानस्थलमा अहिले जम्बो जेट, बोइङ ७४७, एयरबस ए-३३० लगायत जहाज सहजै उडान अवतरण गर्छन् । यो विमानस्थलबाट तीन नेपालीसहित ३० वायु सेवा प्रदायक कम्पनीले अन्तर्राष्ट्रिय उडान भर्दै आएका छन् ।

वयस्तै कोभिड-१९ को महामारी नियन्त्रणका लागि सरकारलै चैत ११ देखि लागू गरेको बन्दाबन्दी(लकडाउन)कै अवस्थामा धावनमार्ग विस्तारको काम सकिएको हो । तीन सय मिटर धावनमार्ग विस्तारका लागि मूल्य अभिवृद्धि करबाहेक रु ८० करोड बजेट खर्च भएको आयोजनाका सूचना अधिकारी श्रेष्ठले बताए ।

परियोजनाको कालिका तुण्डी जेभीलाई निर्माण ठेक्का दिइएको थियो । चैत ११ देखि जारी बन्दाबन्दीसँगै आन्तरिक र अन्तर्राष्ट्रिय दुवैतर्फका नियमित उडान अवतरणमा प्रतिबन्ध गरिएपछि बेलुका ६ देखि बिहान ६ बजेसम्म १२ घण्टा धावनमार्ग विस्तारको काम गरिएको थियो ।

तीन सय मिटर लामो धावनमार्ग विस्तार गरी कालोपत्र गर्ने काम सकिएकाले अब 'रनवे लाइट र एप्रोच लाइट' राख्ने काममात्रै बाँकी रहेको आयोजनाले जनाएको छ। "सिभिल निर्माणको काम सकिएको छ, अब केही प्राविधिक काम बाँकी छ, रनवे लाइट विदेशबाट ल्याउनुपर्ने भएकाले केही समय लाग्नसक्छ", सूचना अधिकारी श्रेष्ठले भने ।

आयोजनाअन्तर्गत विमानस्थलको अन्तराष्ट्रिय टर्मिनल भवनको नयाँ 'स्टेरायल हल' निर्माणको काम पनि सकिएको छ । यो काम पनि बन्दाबन्दीकै समयावधिमा भएको हो । एक हजार २०० सिट क्षमताको हल बनाइएको छ । अहिले सोही भवनको पुरानो स्टेरायल हल भत्काउने काम भइरहेको छ ।

लकडाउनको अवधिमा विमानस्थल विस्तारको काम एक दिन पनि नरोकिएको विमानस्थलले जनाएको छ । विमानस्थलमा बन्दाबन्दीको अवस्थामा रात्रिकालीन उडानका लागि नोटाम जारी गरिएको भए पनि दिउँसो नियमितजसो अन्तर्राष्ट्रिय उडान (दैनिक कम्तीमा पनि एक उडान) भएको विमानस्थलका महाप्रबन्धक केसीले बताए ।

अन्तर्राष्ट्रिय विमानस्थलको दुवैतर्फ पार्किङ वे विस्तार गरी १५ इन्टरनेशनल एयरक्राफ्ट अट्ने क्षमताको बनाइएको छ । विमानस्थलको पश्चिमतर्फ चार र उत्तरपूर्वतर्फ दुई ठूला जहाज अट्ने गरी पार्किङ क्षमता विस्तार गरिएको छ । यसअघि विमानस्थलको अन्तर्राष्ट्रिय उडानमा नौवटा मात्रै जहाज पार्किङ क्षमता रहेकामा अब १५ वटा ठूला जहाज सहजरूपमा राख्न सकिने महाप्रबन्धक केसीले बताए । 'पार्किङ वे' विस्तारको काम विमानस्थल आफैंले गरेको हो । विमानस्थलको आन्तरिक टर्मिनलको उत्तरतर्फ पनि क्षमता विस्तार गरी नयाँ हल बनाउने काम भइरहेको छ । बेल्ट थप्ने योजना छ ।

अन्तर्राष्ट्रिय विमानस्थललाई बुटिक एयरपोर्टमा रूपान्तरण गर्ने काम पनि धमाधम भइरहेको छ । विमानस्थलको भित्री भागको साजसजावटको काम सकिएको छ। अब अन्तिम काम अन्तर्राष्ट्रिय टर्मिनल बाहिरपट्टि 'क्यानोपी' राख्ने काम पनि शुरु भएको छ । क्यानोपीको संरचना बनिसकेको छ ।

बन्दाबन्दीले दुई महिनादेखि व्यावसायिक उडान बन्द रहेको अन्तर्राष्ट्रिय विमानस्थलको बन्दाबन्दीपछि कसरी सेवा सञ्चालन गर्ने भनेर आवश्यक तयारी गरेको छ। विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) र आइकाओको मापदण्डमा रहेर विमानस्थल सञ्चालन गर्दा अपनाउनुपर्ने सावधानीबारे आवश्यक तयारी गरेको हो ।

अन्तर्राष्ट्रिय विमानस्थलमा कोभिड-१९को सङ्क्रमण फैलन नदिन सामाजिक दूरी कायम हुने गरी संरचना तयार गरिएको विमानस्थलले जनाएको छ । मुलुकमा जारी बन्दाबन्दीको अवस्थामा सरकारले यही जेठ मसान्तसम्म हवाई सेवा सञ्चालन स्थगन गरेको छ ।

विमानस्थल विस्तार, नयाँ संरचना निर्माणलगायत कामको केहीदिनअघि संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराईले निरीक्षण गर्नुभएको थियो । विमानस्थलको सेवा सुदृढीकरण र क्षमता विस्तारका लागि पर्यटनमन्त्रीले चासो लिँदै पटक पटक विमानस्थल पुग्ने गरेका छन् ।

# प्रदेश ४ सरकारको उद्योग तथा पर्यटन प्राथमिकतामा




**काठमाडौं/मस**–गण्डकी प्रदेश सरकारले उद्योग तथा पर्यटन क्षेत्रको विकासलाई प्राथमिकतामा राखेको छ । सरकारका तर्फबाट आर्थिक मामिला तथा योजनामन्त्री किरण गुरुङले प्रस्तुत गरेको विनियोजन विधेयक २०७७ का सिद्धान्त र प्राथमिकतामा उद्योग क्षेत्रका कार्यक्रमको निरन्तरताका साथै पर्यटन प्रवर्द्धनमा जोड दिइएको छ ।

प्रदेश सरकारले नवलपुरको लोकाहाखोला र कास्कीको पुँडीटारमा प्रदेशस्तरीय औद्योगिक क्षेत्र स्थापना गर्न पूर्वाधार निर्माणको कार्यक्रमलाई निरन्तरता दिइने उनले जानकारी दिए। एक स्थानीय तह एक उद्योग ग्राम स्थापना गर्ने कार्यक्रमलाई पनि प्राथमिकताका आधारमा निरन्तरता दिइने मन्त्री गुरुङको भनाइ छ।

सीपमूलक तथा उद्यमशीलता विकाससम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रमका माध्यमबाट लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन र स्वरोजगारका अवसर सिर्जना गर्ने कार्यक्रमलाई बजेटमा निरन्तरता दिइने सरकारको योजना छ । सङ्घ, प्रदेश र स्थानीय तहका साथै निजी क्षेत्रसमेतको सहभागितामा सञ्चालन हुने धौवादी फलाम कम्पनीमा प्रदेश सरकारको तर्फबाट लगानी गर्न बजेट विनियोजन गरिने मन्त्री गुरुङले जानकारी दिए ।

कोरोना महामारीको कारण शिथिल पर्यटन क्षेत्रलाई पुनःउत्थान गर्न ऋणमा पुनर्तालिकीकरण, ब्याजमा अनुदान तथा थप कर्जा प्रवाह गर्न गराउन बैंकिङ तथा वित्तीय संस्थालाई समन्वय र सहजीकरण गर्ने तथा प्रदेशको स्रोत र साधनको आधारमा विशेष कार्यक्रम सञ्चालन गर्ने सरकारको तयारी छ ।

वनको दिगो व्यवस्थापनमार्फत वन क्षेत्रको संरक्षण, सम्वर्द्धन र उपयोग गर्दै काष्ठ तथा वन पैदावारमा आधारित आयात प्रतिस्थापन, आयआर्जन र रोजगारी सिर्जना गर्ने उद्योगको स्थापनामा जोड दिइने उल्लेख गर्दै मन्त्री गुरुङले जैविक विविधता तथा वन्यजन्तुको संरक्षण गरिने जानकारी दिए ।

भू तथा जलाधार संरक्षण, पहिरो नियन्त्रण, भूक्षय न्यूनीकरण तथा जलवायु अनुकूलन कार्यक्रम सञ्चालनमा जोड दिइने उल्लेख गर्दै उनले ताल तथा सिमसार क्षेत्रलाई संरक्षण गर्न ताल प्राधिकरण र विज्ञान प्रविधिको अनुसन्धान गर्न विज्ञान प्रविधि प्रतिष्ठान साथै पर्यटन प्रवर्द्धनका कार्यक्रमलाई निरन्तरता दिइने बताए । प्रदेशभित्रको आपूर्ति व्यवस्थालाई सहज, सरल र नियमित बनाउन तथा कालोबजारी र कृत्रिम अभावलाई नियन्त्रण गर्न बजार अनुगमन प्रणालीलाई थप प्रभावकारी बनाउने सरकारको योजना छ ।

# 'समग्रमा बजेट सन्तुलित'

**मध्यान्ह संवाददाता**
काठमाडौं १७ जेठ

नेपाल चेम्बर अफ कमर्सले आगामी आर्थिक बर्षको बजेट समग्रमा सन्तुलित रहेको बताएको छ । शनिबार एक विज्ञप्ती जारी गर्दै कमर्सले कोरोना प्रभावित अर्थतन्त्रका लागि मुख्यत : दुई वटा प्राथमिकता प्रदान गरिएको जनाएको हो । जीवन रक्षाका सन्दर्भमा प्रस्ताबित गुणस्तरीय स्वास्थ्य सेवा तथा स्वास्थ्य क्षेत्रको दायरा बिस्तार एवम स्वास्थ सम्वन्धी पूर्वाधार बिकास सम्बन्धी व्यवस्थाका लागि ९० अरव ६९ करोडको बिनियोजन सकारात्मक रहेको चेम्बरको धारणा छ ।

यस्तै आर्थिक पुनरुत्थानका लागि कूल गार्हस्थ्य उत्पादनको ५% अर्थात झण्डै २०० अर्बको अपेक्षा गरिएकोमा ५० अरवको मात्र स्टिमुल प्याकेजको को प्रस्ताव गरिएको प्रति भने चेम्बर रुष्ट छ । सिमित प्याकेज अन्तर्गत पनि घरेलु, साना, तथा मझौला उद्यम तथा पर्यटन व्यवसायको श्रमिकहरुको लागि परिश्रमिक तथा व्यवसाय संचालनको लागि ५ %व्याज दर तोकिएको छ । सो दर २ % कायम हुनु पर्ने चेम्बरको बुझाई छ । किसान केडिट कार्ड, भूमी वैंक आदि जस्ता व्यवस्थाले कृषिको व्यवसायीकरणलाइ प्रोत्साहित गरेको छ । तीन हजार रुपैया सम्मको ज्याला र पारिश्रमिक खर्च र २००० सम्मको वस्तु र सेवा खरिदमा प्यान अनिवार्य नहुने व्यवस्थाले व्यवसायलाइ केही सहजीकरण गर्नेछ । डिम्ड एक्सपोर्टको व्यवस्थाको थालनी सकारात्मक रहेको समेत चेम्बरको बुझाई छ । पर्यटन उद्योगका सन्दर्भमा आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने लगायत हवाइ इन्धन र ग्राउण्ड हान्डलीड चार्जमा दिइएको सहुलियत सकारात्मक पक्ष हो ।

यस्तै धेरै कार्यक्रमहरु बजेटमा आएका छन् । बिद्यमान परिस्थितिमा उल्लेखित कार्यक्रमहरु कार्यान्वयनमा ल्याउन चुनौतीपूर्ण देखिन्छ । कोरोना प्रभावित अर्थतन्त्रमा ७ प्रतिशतको आर्थिक वृद्धि दरको लक्ष पूरा हुने देखिदैन । मुद्रा स्फीति ७ प्रतिशत वढि नहुनेमा आशंका दंखिन्छ । राजस्व संकलन महत्वाकाँक्षी र चुनौतिपूर्ण देखिन्छ। कोरोना प्रभावित अर्थतन्त्रमा माग अत्यन्त न्युन रहने हुन्छ । त्यसले राजस्वको लक्ष प्राप्तीको सम्भावना देखिदैन । रोजगारीमा महत्वाकांक्षी कार्यक्रमको रुपमा २ लाख रोजगारी सृजना गर्न रु ११.६० अरव कोषको व्यवस्था गर्ने भनिएको छ । यस पटक भारत र विदेशबाट १५ लाख भन्दा बढि फर्किने संभावना देखिने चेम्बरको धारणा छ । सरकारले खर्च व्यवस्थापनका लागि आन्तरिक ऋणमा जोड दिइएको भन्दै चेम्बरले २२५ अरव आन्तरिक ऋण उठाउने लक्ष्य लिएको र जसअन्तरगत अर्थतन्त्रमा तरलता अभाव सिर्जना हुने र कर्जाको व्याजदरमा दवाव पर्ने चेम्बरले धारणा व्यक्त गरेको छ ।

कृषिमा विनियोजित रकम आवश्यकता अनुसार आएन । कृषि क्षेत्रमा ,रोजगारीको प्रचुर सम्भावना रहेको छ। कृषि क्षेत्रलाइ प्रतिस्पर्द्धी बनाउन कृषीजन्य उत्पादनमा थप अनुदान आवश्यकता देखिएको छ। तर कृषिको लागि अति आवश्यक रासायनिक मल र बिउ बिजनको भंसार वृद्धिले प्रतिस्पर्द्धी क्षमतामा ह्रास भइ झन लागत वढन गएको छ । अर्ग्यानिक उत्पादनको लागि अति आवश्यक पर्ने प्रांगारिक मलको उत्पादनको लागि कुनै प्रोत्साहन भएको देखिएन। अन्तशुल्क लाग्ने वस्तुको दर र दायराको वृद्धिले नकारात्मक सूची तथा स्वास्थ्य र वातावरणमा प्रतिकूल अशर पर्ने बाहेक अन्य वस्तुमा अन्तशुल्क नलाग्ने शिद्धान्तको बिपरित देखिन्छ । यस्तै भन्सारका दरहरु घटदै जानु पर्नेमा यसको बिपरित धेरै वस्तुमा भन्सारको दरहरु वढेको हुनाले अनौपचारिक व्यापार वृद्धिमा प्रोत्साहन हुने चेम्बरको बुझाई छ । त्यसै गरी सुन चांदीको आयातमा भंसार वृद्धिले सुनको अनधिकृत व्यापार वढने छ भने चांदीमा भएको भंसार वृद्धिले निकासी हुने चांदीका गरगहनाको मूल्य वृद्धि हुने भइ निकासी प्रभावित हुने छ ।

विद्युतीय सामाग्रीको उपयोगमा प्रोत्साहन गर्ने बताइएता पनि इलेक्ट्रीकल गाडी लगायत बिद्युतीय सामाग्रीहरुको आयातमा कर महशुल वढाइएको छ । अर्थतन्त्रलाइ गतिशील बनाउन प्रतिस्पर्द्धी कर नीतिको आवश्यकता थियो । सोही अनुसार आयकर तथा भ्याटको दर घटाइनु पर्ने अपेक्षा गरिएकोमा। सो अनुसार बजेटमा व्यवस्था भएन । बजार अनुगमन, राजस्व चुहावट , सम्पती शुद्धिकरणमा कडाइ गर्ने कुराले निजीक्षेत्रको लगानी निरुत्साहित हुनेछ। डिजेल पेट्रोलमा कर बढाइएको छ। स्वचालित मूल्य निर्धारण प्रणालीलाई चुस्त र दुरुस्त राख्ने व्यवस्था हुनु पर्दछ । लक डाउनले सृजित श्रमिकहरुको पारिश्रमिक समस्या सम्वोधन गर्ने अपेक्षा गरिएको सो सम्वोधन नभएको ।

रुग्ण जलबिद्युत उद्योगको पुनरुत्थानको लागि बजेटमा केही राहतको व्यवस्था भएन । तरलता अभाव एकल व्याज दर जस्ता निजी क्षेत्रले उठाएको समस्या आगामी मौद्रिक नीतिबाट सम्बोधन हुने अपेक्षा नेपाल चेम्वर अफ कमर्सले गरेको छ। कोरोनाबाट प्रभावित आयातकर्ता, थोक तथा खुद्रा व्यवसायीहरुको लागि कुनै पनि राहत प्रदान गर्ने बारे सम्वोधन नभएको चेम्बरको भनाई छ ।




www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर नयाँ बसपार्कमा पनि खुलेको यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**